# उच्च अदालत विराटनगर धनकुटा इजलास

वर्ष १ | अङ्क १ | इ-बुलेटिन | वैशाख २०८२




सम्पर्कः- admin.hcidhankuta@supremecorut.gov.np

प्रकाशकः- उच्च अदालत विराटनगर धनकुटा इजलास

# सम्पादकीयः न्याय प्रशासनमा डिजिटल युगको पाइला


**व्यवस्थापन समुह**

मुख्य भई काम गर्ने माननीय न्यायाधीश
श्री गणेशप्रसाद बराल

माननीय न्यायाधीश
श्री देशबहादुर सार्की

माननीय न्यायाधीश
श्री पूर्णेश्वरप्रसाद उपाध्याय

रजिष्ट्रार
श्री राजकुमार दाहाल

**सम्पादन समुह**

संयोजक
इ.अ. श्री कान्तिमति निरौला

सदस्यहरुः-
इ.अ. श्री ललित कुमार वि.के
इ.अ. श्री कुवेर लिम्बू
सू.प्र.स. श्री लास्कीबाबु आचार्य


न्यायिक प्रणाली कुनै पनि मुलुकको आधारभूत अंग हो। हाम्रो न्यायपालिका डिजिटल युगमा प्रवेश गरेको छ। हाल हामी paperless court को युगको थालनी गर्ने अभियानमा छौं।जसले कानूनी शासनको सुनिश्चितता गर्दछ। नेपालमा पनि संवैधानिक व्यवस्थाअनुसार स्वतन्त्र, निष्पक्ष र प्रभावकारी न्याय प्रणालीको स्थापना तथा सुदृढीकरणका लागि निरन्तर प्रयास हुँदै आएको छ। यसै सन्दर्भमा उच्च अदालत विराटनगर अन्तर्गत धनकुटा इजलासबाट प्रकाशन हुन लागेको यो E-Bulletin न्यायिक पारदर्शिता, उत्तरदायित्व र सूचनामा सहज पहुँचको सशक्त माध्यम बन्ने छ भन्ने विश्वास लिइएको छ।हाल विश्व नै हाम्रो हात हातमा आएको अवस्थामा यो E-Bulletin हाम्रो संस्थाको सूचना प्रवाहको सशक्त माध्यम बनाउने सिलसिलामा हामिले यो प्रकाशन गर्ने सानो प्रयास गरेका छौं।

डिजिटल युगमा सूचनाको प्रवाह तीव्र, सहज र समावेशी बनाउनु अपरिहार्य छ। न्यायिक निर्णय, प्रक्रिया, गतिविधि तथा संस्थागत विकासका पक्षहरूलाई डिजिटल माध्यममार्फत प्रस्तुत गर्दा नागरिकहरूको विश्वास अभिवृद्धि हुनुका साथै विधिको शासनप्रति जनचेतना अभिबृद्धि हुनेछ। यस बुलेटिनले अदालतको दैनिक कार्य सम्पादन, उदाहरणीय फैसलाहरू, प्रशासनिक सुधार एवं न्यायिक सेवालाई प्रविधिसँग जोड्ने प्रयासहरू गर्ने र कर्मचारी तथा न्याय सेवासम्बन्धी विविध आयामहरू उजागर गर्ने उद्देश्य राखेको छ।

धनकुटा इजलासको यो प्रयासले न्याय प्रणालीमा समावेशी सूचनाको सशक्तीकरण मात्र होइन, सम्पूर्ण न्यायिक समुदायलाई पारदर्शिता र उत्तरदायित्वतर्फ उन्मुख गराउने महत्वपूर्ण पाइलाको रूपमा कार्य गर्नेछ। साथै, यो बुलेटिन एक अभिलेखको रूपमा भावी पुस्तालाई मार्गदर्शन प्रदान गर्ने दस्तावेज पनि बन्नेछ भन्ने आशा गरिएको छ।

हामी सम्पूर्ण न्याय क्षेत्रका सहकर्मीहरु अधिवक्ताहरू, सञ्चारकर्मी मित्रहरु, सेवा उपभोक्ता तथा नागरिक समाजसँग निरन्तर सहकार्य र सुझावको अपेक्षा राख्दछौं। डिजिटल माध्यमबाट गरिएको यो प्रयास न्यायमा सबैको सहज पहुँच सुनिश्चित गर्ने अभियानको सशक्त माध्यम बन्नेछ भन्ने अपेक्षा गरिएको छ।

## शुभकामना मन्तव्य



*देशबहादुर सार्की*
*माननीय न्यायाधीश*
*उच्च अदालत विराटनगर धनकुटा इजलास*

म उच्च अदालत विराटनगर धनकुटा इजलासबाट प्रकाशन हुन लागेको *ई-बुलेटिन* को पहिलो अंकप्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु। यो प्रयासले न्यायिक सूचनाको प्रवाह, पारदर्शिता तथा जनसाधारणमा न्यायप्रतिको विश्वास अभिवृद्धिमा सघाउ पुऱ्याउने विश्वास लिएको छु। E-bulletin प्रकाशनको लागि मूर्त रुप दिन खटिने सम्पूर्ण सम्पादकीय समुहलाई सफल प्रकाशनको लागि शुभकामना ब्यक्त गर्दछु।

## वार्षिक कार्ययोजना छलफलः-

मिति २०८१/४/१५ गतेका दिन यस इजलासको सभाहलमा यस इजलासका योजना हेर्ने माननीय न्यायाधीश श्री शुसिल कोइरालाज्यूको अध्यक्षतामा यस इजलासबाट तयार पारिएको आ.व.०८१/८२ को योजना तथा कार्यक्रमका सम्बन्धमा बिस्तृत छलफल कार्यक्रम सम्पन्न भएको थियो।यस इजलासका माननीय न्यायाधीशज्यूहरु, रजिष्ट्रारज्यू, अधिकृतज्यूहरु, अन्य कर्मचारीहरु तथा सरोकारित सवै पक्ष गरी ३८ जनाको उपस्थितिमा यस इजलासको आ.व.०८१/८२ लागि तय गरिएको निर्धारित लक्ष्य, कार्यक्रम, कार्यान्वयन लगायतका विविध पक्षमा छलफल गरी निचोड निकालिएको थियो।

## वार्षिक समिक्षा कार्यक्रम

मिति २०८१/४/१८ गतेका दिन यस इजलासको सभाहलमा यस इजलासका योजना हेर्ने माननीय न्यायाधीश श्री शुसिल कोइरालाज्यूको अध्यक्षतामा आ.व.०८०/८१ को वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरियो। यस इजलासका माननीय न्यायाधीशज्यूहरु, रजिष्ट्रारज्यू, अधिकृतज्यूहरु, अन्य कर्मचारीहरु, मातहत जिल्ला अदालतहरुका माननीय जिल्ला न्यायाधीशज्यूहरु, स्रेस्तेदारज्यूहरु, तहसिलदारज्यूहरु लगायत सरोकारित सवै पक्ष गरी जम्मा ३३ जनाको उपस्थितिमा भएको सो कार्यक्रममा यस इजलास र मातहत जिल्ला अदालतहरुबाट आ.व.०८०/८१ मा सम्पादित काम कारबाहीका सम्बन्धमा प्रगति विवरण प्रस्तुती र समीक्षा गरिएको थियो।

## पत्रकार भेटघाट कार्यक्रम

मिति २०८१/४/२१ गतेका दिन यस इजलासको सभाहलमा यस इजलासका मुख्य भई काम गर्नुहुने माननीय न्यायाधीश श्री गणेशप्रसाद बरालज्यूको अध्यक्षतामा पत्रकार भेटघाट कार्यक्रम सम्पन्न गरियो।यस इजलासका माननीय न्यायाधीशज्यूहरु, रजिष्ट्रारज्यू, अधिकृतज्यूहरु सहित जम्मा १६ जनाको उपस्थिति रहेको उक्त कार्यक्रममा स्थानीय पत्राकारहरुलाई आमन्त्रण गरी यस इजलासबाट आ.व.०८०/८१ मा सम्पादन गरिएका न्यायिक काम कारबाही तथा प्रगति विवरण सार्वजनिक गरिएको थियो।

## न्यायीक व्याह्य पहुँच (Judiacial Outreach) कार्यक्रम




**<u>महालक्ष्मी नगरपालीका धनकुटा</u>**

मिति २०८१/८/१४ गतेका दिन धनकुटा जिल्लाको महालक्ष्मी नगरपालिका जितपुरको सभाहलमा यस इजलासका मुख्य भई काम गर्नुहुने माननीय न्यायाधीश श्री गणेशप्रसाद बरालज्यूको अध्यक्षतामा तथा सो नगरपालिकाका मेयर श्री ध्रुवराज रायज्यूको विशेष आतिथ्यतामा यस इजलासद्वारा आयोजना गरिएको Judicial Outreach कार्यक्रम सम्पन्न

भयो। यस इजलासका माननीय न्यायाधीशज्यूहरु, रजिष्ट्रारज्यू, अधिकृतज्यूहरु, नगरपालिकाका वडाध्यक्षज्यूहरु, नगरपालिकाका कर्मचारीहरु, स्थानीय व्यक्तिहरु लगायत सरोकारित पक्ष गरी जम्मा ४३ जनाको उपस्थिति रहेको उक्त कार्यक्रममा न्यायालयबाट सम्पादन हुने काम कारबाही, न्यायिक सेवा प्रवाह प्रक्रिया, सरोकारवाला पक्षबाट उठाइएका जिज्ञासा लगायतका विविध पक्षका सम्बन्धमा मुख्य भई काम गर्नुहुने माननीय न्यायाधीशज्यू, माननीय न्यायाधीशज्यूहरु, रजिष्ट्रारज्यू, अधिकृतज्यूहरुले प्रष्ट पार्नु भएको थियो भने नगपालिकाका मेयरज्यूले आफ्नो मन्तव्य राख्नु भएको थियो।

**फेदाप गाउपालीका, तेह्रथुम**

मिति २०८१/८/२८ गतेका दिन तेह्रथुम जिल्लाको फेदाप गाउँपालिकाको सभाहलमा यस इजलासका मुख्य भई काम गर्नुहुने माननीय न्यायाधीश श्री गणेशप्रसाद बरालज्यूको अध्यक्षतामा तथा सो गाउँपालिकाका अध्यक्षज्यूको विशेष आतिथ्यतामा यस इजलासद्वारा आयोजना गरिएको Judicial Outreach कार्यक्रम सम्पन्न भयो। यस इजलासका माननीय न्यायाधीशज्यू, रजिष्ट्रारज्यू, अधिकृतज्यूहरु, गाउँपालिकाका अध्यक्षज्यू,उपाध्यक्षज्यू, वडाध्यक्षज्यूहरु, गाउँपालिकाका कर्मचारीहरु, स्थानीय व्यक्तिहरु लगायत सरोकारित पक्ष गरी जम्मा ४० जनाको उपस्थिति रहेको उक्त कार्यक्रममा न्यायालयबाट सम्पादन हुने काम कारबाही, न्यायिक सेवा प्रवाह प्रक्रिया, सरोकारवाला पक्षबाट उठाइएका जिज्ञासा लगायतका विविध पक्षका सम्बन्धमा मुख्य भई काम गर्नुहुने माननीय न्यायाधीशज्यू, माननीय न्यायाधीशज्यू, रजिष्ट्रारज्यू, अधिकृतज्यूहरुले प्रष्ट पार्नु भएको थियो भने गाउँपालिकाका अध्यक्षज्यू तथा उपाध्यक्षज्यूले आ-आफ्नो मन्तव्य राख्नु भएको थियो।

## अर्धवार्षिक समिक्षा कार्यक्रम सम्पन्न



यस अदालतको बार्षिक कार्य योजनाले निर्दिष्ट गरेबमोजिम यस अदालत र मातहत जिल्ला अदालत समेतको अर्धवार्षिक समीक्षा मिति २०८१।१०।२५ र २६ गतेका दिन सम्पन्न गरिइको थियो र उक्त अर्ध वार्षिक समीक्षा कार्यक्रममा सबै जिल्ला अदालतलाई पायक पर्ने स्थान भोजपुर जिल्लाको षडानन्द नगरपालिका स्थित अरुण नदीको किनारमा पर्ने सतीघाट स्थित मकालु भिलेज रिसोर्टमा गरिएको थियो। कार्यक्रमको अध्यक्षता यस अदालतका योजना हेर्ने मा.न्या.श्री पूर्णेश्वरप्रसाद उपाध्यायले गर्नुभएको थियो भने यस अदालतका मुख्य भई काम गर्नुहुने माननीय न्यायाधीश श्री गणेशप्रसाद बरालज्यूको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा स्वागत मन्तव्य उच्च अदालत बिराटनगर धनकुटा इजलासका रजिष्ट्रार श्री राजकुमार दाहालले र कार्यक्रम संचालन उच्च अदालत विराटनगर धनकुटा इजलासका शाखा अधिकृत तथा प्रशासन शाखा प्रमुख श्री ललितकुमार वि.के.ले गर्नु भएको थियो।उच्च अदालत विराटनगर धनकुटा इजलासका माननीय न्यायाधीशज्यूहरु, मातहत जिल्ला अदालतहरु धनकुटा जिल्ला अदालत, तेह्रथुम जिल्ला अदालत, भोजपुर जिल्ला अदालत र संखुवासभा जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीशज्यूहरु, स्रेस्तेदारज्यूहरु, तहसिलदार तथा सूचना अधिकारीज्यूहरु तथा

उच्च अदालत विराटनगर धनकुटा इजलासका अन्य कर्मचारीहरुसमेतको सहभागिता रहेको उक्त कार्यक्रममा उच्च अदालत बिराटनगर धनकुटा इजलासका तर्फबाट रजिस्ट्रार श्री राजकुमार दाहाल, भोजपुर जिल्ला अदालतका तर्फबाट स्रेस्तेदार श्री मोहन घिमिरे,संखुवासभा जिल्ला अदालतका तर्फबाट स्रेस्तेदार श्री भरतमणी पोखरेल, तेह्रथुम जिल्ला अदालतका तर्फबाट स्रेस्तेदार श्री ऋतु राई र धनकुटा जिल्ला अदालतका तर्फबाट माननीय जिल्ला न्यायाधीश श्री नारायणप्रसाद पराजुलीले आ-आफ्नो अदालतका तर्फबाट प्रगतिविवरण प्रस्तुत गर्नुभएको थियो। समीक्षा कार्यक्रममा यस अदालत र मातहत जिल्ला अदालतले हालसम्म प्राप्त गरेका उपलब्धि, भोग्नुपरेका कठिनाई र आगामी दिनमा गर्नुपर्ने काम कारवाही सम्बन्धमा समेत घनिभूत रुपमा छलफल गरिएको थियो।यस अदालत र मातहत जिल्ला अदालत समेतको समीक्षा अवधिसम्मको प्रगति बिवरण निम्न बमोजिम रहेको थियो।

| क्र.सं. | अदालत | लगत | फछ्यौंट | फछ्यौंट प्रतिशत | बाँकी |
|---|---|---|---|---|---|
| १ | उच्च अदालत बिराटनगर धनकुटा इजलास | ३१५ | २१८ | ६९.२०% | ९७ |
| २ | धनकुटा जिल्ला अदालत | ४६५ | २३८ | ५१.१८% | २२७ |
| ३ | तेह्रथुम जिल्ला अदालत | २८९ | ११२ | ३८.७५% | १७७ |
| ४ | भोजपुर जिल्ला अदालत | ३२१ | १६५ | ५१.४०% | १५६ |
| ५ | संखुवासभा जिल्ला अदालत | ३५६ | १२९ | ३६.२४% | २२७ |

## अदालत व्यवस्थापन समिति बैठक

मिति २०८१/१०/३० गतेका दिन यस इजलासको सभाहलमा यस इजलासका मुख्य भई काम गर्नुहुने माननीय न्यायाधीश श्री गणेशप्रसाद बरालज्यूको अध्यक्षतामा यस इजलासद्वारा आयोजना गरिएको अदालत व्यवस्थापन समितिको वैठक सम्पन्न भयो। यस इजलासका माननीय न्यायाधीशज्यूहरु, रजिष्ट्रारज्यू, उच्च सरकारी वकिल कार्यालयका का.मु.सहन्यायाधिवक्ताज्यू, उच्च अदालत बार ईकाईका अध्यक्षज्यू,यस इजलासका अधिकृतज्यूहरु लगायत सरोकारित पक्ष गरी जम्मा ८ जनाको उपस्थिति रहेको उक्त वैठकमा अदालतबाट सम्पादन हुने काम कारबाहीलाई चुस्तदुरुस्त बनाउँदै मुद्दा व्यवस्थापनलाई अझ प्रभावकारी बनाई सेवा प्रवाहलाई अझ गुणस्तरीय बनाउन पहल गर्ने भनी निर्णय गरिएको थियो।

## सूचना प्रविधी र DCM तालिम सम्पन्न

यस अदालत र मातहतका जिल्ला अदालतहरु समेतको लागि मिति २०८१/१२/१० गते सूचना प्रविधि र फरक मुद्दा व्यवस्थापन (DCM) सँग सम्बन्धित विषयमा यस अदालतका कर्मचारीको लागि भौतिक रुपमा र मातहतका जिल्ला अदालतहरुका कर्मचारीहरुलाई अभौतिक रुपमा (ZOOM) मार्फत तालिम सम्पन्न गरियो। उक्त तालिममा संखुवासभा जिल्ला अदालत, तेह्रथुम जिल्ला अदालत, भोजपुर जिल्ला अदालत र धनकुटा जिल्ला अदालतका कर्मचारीहरुका साथै यस अदालतका कर्मचारीहरुको समेत संलग्नता रहेको थियो। यस कार्यक्रमलाई दुई चरणमा गरी सम्पन्न गरिएको थियो। प्रथम चरण सैद्वान्तिक र दोस्रो चरण प्रयोगात्मक रहेको थियो। सैद्धान्तिक चरणलाई यस अदालतका रजिस्ट्रार श्री राजकुमार दाहालले सहजीकरण गर्नुभएको थियो भने प्रयोगात्मक चरणलाई सूचना प्रविधि सहायक श्री लास्कीबाबु आचार्यले सहजीकरण गर्नुभएको थियो। यस कार्यक्रममा संखुवासभा जिल्ला अदालत, तेह्रथुम जिल्ला अदालत, भोजपुर जिल्ला अदालत र धनकुटा जिल्ला अदालतका कर्मचारीहरु साथै यस अदालतका

कर्मचारीहरुबीच अन्तरक्रिया र छलफल भई कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा सबै जिल्ला अदालतका IT persons को समेत सहभागिता रहेको थियो।

## बार, बेञ्च र सरकारी वकील बैठक

मिति २०८१/१२/११ गतेका दिन यस इजलासको सभाहलमा यस इजलासका मुख्य भई काम गर्नुहुने माननीय न्यायाधीश श्री गणेशप्रसाद बरालज्यूको अध्यक्षतामा यस इजलासद्वारा आयोजना गरिएको बार, वेञ्च र सरकारी वकिल वैठक सम्पन्न भयो। यस इजलासका माननीय न्यायाधीशज्यूहरु, रजिष्ट्रारज्यू, उच्च सरकारी वकिल कार्यालयका का.मु.सहन्यायाधिवक्ताज्यू, उच्च अदालत बार ईकाईका अध्यक्षज्यू, जिल्ला बार अध्यक्षज्यू,यस इजलासका अधिकृतज्यूहरु लगायत सरोकारित पक्ष गरी जम्मा ११ जनाको उपस्थिति रहेको उक्त वैठकमा नियमित अदालती काम कारबाहीलाई बार, सरकारी वकिल र बेञ्चको त्रिपक्षीय समन्वय, सहयोग र सहकार्यको आधारमा छिटो, छरितो, चुस्तदुरुस्त, सहज र सुलभ बनाई अदालतको जनास्थालाई अभिबृद्धि गर्ने तथा त्रिपक्षीय आपसी सम्बन्धलाई थप सुमधुर र सौहार्दपूर्ण बनाउने भनी निर्णय गरिएको थियो।

## टिपोट लेखन, फैसला लेखन तथा सेवाग्राहीसँग गरिने बेवहार सम्बन्धी तालिम

मिति २०८२/१/७ गते टिपोट लेखन विषयमा यस अदालतका कर्मचारीको लागि तालिम सम्पन्न गरियो। यस कार्यक्रमलाई दुई चरणमा गरी सम्पन्न गरिएको थियो। प्रथम चरण सैद्धान्तिक र दोस्रो चरण प्रयोगात्मक रहेको थियो। दुवैसत्रमा यस अदालतका रजिस्ट्रार श्री राजकुमार दाहलले सहजीकरण गर्नुभएको थियो । उक्त कार्यक्रम यस अदालतका मुख्य भै काम गर्नुहुने माननीय न्यायाधीश श्री गणेशप्रसाद बरालज्यूको अध्यक्षतामा अन्य माननीय न्यायाधीशज्यूहरु, कर्मचारीहरुबीच अन्तरक्रिया र छलफल भई कार्यक्रम सम्पन्न भएको थियो।



मिति २०८२/१/८ गते सेवाग्राहीसँग गरिने व्यवहार विषयमा यस अदालतका कर्मचारीको लागि तालिम सम्पन्न गरियो। यस कार्यक्रमलाई यस अदालतका मुख्य भै काम गर्नुहुने माननीय न्यायाधीश श्री गणेशप्रसाद बरालज्यूले सहजीकरण गर्नुभएको थियो । उक्त कार्यक्रम यस अदालतका माननीय न्यायाधीश, कर्मचारीहरुबीच अन्तरक्रिया र छलफल भई सम्पन्न भएको थियो।



मिति २०८२/१/९ गते फैसला लेखन अन्तर्गत ठहर खण्ड लेखन विषयमा यस अदालतका कर्मचारीको लागि तालिम सम्पन्न गरियो। यस कार्यक्रमलाई यस अदालतका माननीय न्यायाधीश श्री देशबहादुर सार्कीज्यूले सहजीकरण गर्नु भएको थियो । उक्त कार्यक्रम यस अदालतका मुख्य भई काम गर्नुहुने माननीय

न्यायाधीश, तथा कर्मचारीहरुबीच अन्तरक्रिया र छलफल भई सम्पन्न भएको थियो।

मिति २०८२/१/१० गते फैसला लेखन अन्तर्गत तपसिल खण्ड लेखन विषयमा यस अदालतका कर्मचारीको लागि तालिम सम्पन्न गरियो। यस कार्यक्रमलाई दुई चरणमा गरी सम्पन्न गरिएको थियो। प्रथम सत्रमा माननीय न्यायाधीश श्री पूर्णेश्वरप्रसाद उपाध्याय र दोस्रो सत्रमा यस अदालतका रजिस्ट्रार श्री राजकुमार दाहलले सहजीकरण गर्नुभएको थियो । उक्त कार्यक्रम यस अदालतका माननीय न्यायाधीश श्री देशबहादुर सार्कीज्यूको अद्यक्षतामा अन्य माननीय न्यायाधीश, कर्मचारीहरु समेतको उपस्थितिमा अन्तर्रक्रिया र छलफल भई सम्पन्न भएको थियो।

## सर्वोच्च अदालतबाट भएको आवधिक निरिक्षण

सर्वोच्च अदालतका माननीय न्यायाधीश डा.श्री कुमार चुडालबाट मिति २०८२।०१।१४गतेदेखि यस अदालतको आवधिक निरीक्षण गरियो। निरीक्षण टोलीको औपचारिक रुपमा स्वागत कार्यक्रमको आयोजना गरिएको थियो। यस अदालतका माननीय न्यायाधीश श्री देशबहादुर सार्कीज्यूकोअध्यक्षतामा कार्यक्रम भएको थियो। कार्यक्रममा यस अदालतको हालसम्मको प्रगति विवरण सम्पूर्ण वस्तुस्थिति सहितको जानकारी रजिस्ट्रार श्री राजकुमार दाहालले प्रस्तुत गर्नुभएको थियो। माननीय न्यायाधीश डा. श्री कुमार चुडालज्यूबाट अदालतको भौतिक अवस्था,इजलास, सम्पूर्ण शाखा तथा फाँटहरुको अवलोकन गरी भए गरेका काम कारबाहीको बारेमा जानकारी लिनुभएको थियो। माननीय न्यायाधीश डा.श्री कुमार चुडालज्यूले कर्मचारीसँग छुट्टै भेटघाट गरी समस्या र समाधानका बारेमा समेत छलफल गरी निर्देशन समेत दिनुभएको थियो। माननीय न्यायाधीश डा.श्री कुमार चुडालज्यूबाट बारसँग छुट्टै भेटघाट गरी अन्तरक्रिया गर्नुभएको थियो। सोही अवसरमा माननीय न्यायाधीशहरुसँग छुट्टै भेटघाट गरी समग्र अदालतको सम्बन्धमा छलफल गरी निर्देशन समेत दिनुभएको थियो।निरीक्षण टोलीमा माननीय न्यायाधीशको सहयोगीको रुपमा इजलास अधिकृत श्री सीता अधिकारी, निजी सहायक श्री दिपमाला चापागाई र शाखा अधिकृत श्री गीता तिम्सिना समेत रहनुभएको थियो।यस अदालतको निरीक्षण पश्चात् मिति २०८२।१।१६ गतेका दिन माननीय न्यायाधीशज्यूको टोली संखुवासभा जिल्ला अदालततर्फ प्रस्थान गर्नुभएको थियो।



# उच्च अदालत विराटनगर धनकुटा इजलास

## यस इजलासको आ.व.०८१/८२ को योजनाले निर्धारण गरेको मुद्दाको मासिक लक्ष्य तथा प्रगति प्रतिशत तालिकामाः-

| क्र.स. | महिना | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्रावण | १७ | २९ | १७०.५८ | |
| २ | भाद्र | २७ | ५५ | २०३.७ | |
| ३ | असोज | ८ | १३ | १३० | |
| ४ | कार्तिक | १५ | ३५ | २३३.३३ | |
| ५ | मंसिर | २९ | २२ | ७५.८६ | |
| ६ | पौष | ३० | ३३ | ११० | |
| ७ | माघ | २८ | ३९ | १३९.२८ | |
| ८ | फागुन | ३० | २३ | ७६.६६ | |
| ९ | चैत्र | ३२ | २५ | ७८.१२५ | |
| १० | बैसाख | ३३ | १४ | ४२.४२ | |
| जम्मा | | २४९ | २८८ | ११५.६६ | बैसाख मसान्तसम्मको प्रगति |

## व्यवस्थापकीय कार्य सम्बन्धी वार्षिक लक्ष्य तथा बैसाख मसान्तसम्मको प्रगति प्रतिशत तालिकामाः-

| क्र.स. | कार्यक्रम | लक्ष्य | प्रगति | प्रतिशत |
|---|---|---|---|---|
| १ | Judicial Outreach | २ | २ | १०० |
| २ | Meet the Judge | ६ | ६ | १०० |
| ३ | बार बेञ्च बैठक | ३ | २ | ६६.६६ |
| ४ | टिपोट तालिम | १ | १ | १०० |
| ५ | फैसला लेखन तालिम | १ | १ | १०० |
| ६ | न्याय क्षेत्र समन्वय समितिको बैठक | २ | १ | ५० |
| ७ | DCM सम्बन्धी तालिम | १ | १ | १०० |
| ८ | संचारकर्मी/नागरिक समाज बीच अन्तरक्रिया | २ | १ | ५० |
| ९ | चौमासिक समीक्षा गोष्ठी | ३ | २ | ६६.६६ |
| १० | पुनर्ताजकी तालिम | १ | १ | १०० |
| ११ | कर्मचारी बैठक | १२ | १२ | १०० |
| १२ | वैतनिक कानुनव्यवसायीको | ४८ | ४० | ८३.३३ |

| | | | | |
|---|---|---|---|---|
| | कारागार भ्रमण | | | |
| १३ | मिसिल सडाउने | ३०० | ३८७ | १२९ |
| १४ | सेवाको गुणस्तर सम्बन्धी पक्षसंग परामर्श | ६ | १० | १६६.६६ |
| १५ | मेलमिलाप सम्बन्धी कार्यक्रम | १ | १ | १०० |
| १६ | तामेलदार र स्थानीय तह बीचको अन्तरक्रिया | १ | ० | ० |
| १७ | योजना कार्यान्वयन सम्बन्धमा सरोकारवालासंग अन्तरक्रिया | २ | २ | १०० |

## उच्च अदालत विराटनगर धनकुटा इजलसावाट मुद्दामा भएको मेलमिलापको अवस्था

| मेलमिलाप हुनसक्ने मुद्दाको संख्या | मेलमिलापमा पठाइएको मुद्दा संख्या | सफल | असफल | प्रकृयामा रहेको | सफल प्रतिशत |
|---|---|---|---|---|---|
| ८८ | ६६ | २० | ४२ | ४ | ३०.३०% |

## उच्च अदालत विराटनगर धनकुटा इजलासमा रहेको मेलमिलापकर्ताको नामावली

| नाम,थर | ठेगाना | सम्पर्क नं |
|---|---|---|
| हिमादेवी वस्नेत | छथर गाउँपालिका-५, तेह्रथुम | ९८४२०४७३३१ |
| प्रा.डा. गोपाल बहादुर भट्टराई | छथर जोरपाटी गाउँपालिका-२, धनकुटा | ९८४२१०९२३६ |
| रोहित कुमार डाँगी | ह्याकु-६, तेह्रथुम | ९८४२०४६८७५ |
| मुकुन्द भण्डारी | धनकुटा-३, धनकुटा | ९८४२०७१४२३ |
| दिपक गुरागाँई | धनकुटा-३, धनकुटा | ९८५२०६१३१५ |

# नेपालमा मानव अधिकारको संवैधानिक विकासक्रमः



*ललित कुमार वि.के*
*इजलास अधिकृत/सूचना अधिकारी*
*उच्च अदालत विराटनगर धनकुटा इजलास*

**अवधारणा/परिभाषाः-**

मानव भएर जन्म लिए पश्चात् मर्यादित रुपमा बाँच्नका लागि आवश्यक पर्ने सबै अधिकारहरुलाई मानव अधिकार भनिन्छ र यी अधिकारहरु नैसर्गिक र जन्मसिद्ध हुन्छन् । अर्थात मानव अधिकार भन्नाले प्रत्येक व्यक्तिको जीवन, स्वतन्त्रता, सामनता, आत्म सम्मान र मर्यादासँग सम्वन्धित हुन्छ । यी अधिकारहरु देशको संविधान र प्रचलित कानूनद्धारा प्रदत्त एवं सुनिश्चित र संरक्षित गरिएको हुन्छ ।खास गरेर मानव अधिकार भन्नाले मानव समुदायका प्रत्येक सदस्यहरुमा अन्तर्निहित नैसर्गिक अधिकारहरुलाई बुझाउँदछ।मानव अधिकारका मान्यताहरु अविभाज्य मानिन्छन्। मानवअधिकार प्रत्येक मानिसमा जाति, भाषा, धर्म, लिङ्ग, राष्ट्रियता, उत्पति, सामाजिक र आर्थिक स्थिति, राष्ट्रिय सिमाना आदिको भेदभावबिना प्राप्त गर्ने सुनिश्चित गरिएका अधिकारहरु हुन्। मानव अधिकारलाई परिभाषित गर्ने क्रममा मानव अधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ को प्रस्तावनामा मानव अधिकारप्रति अवहेलना तथा अनादरको परिणामबाट नै बर्बर कार्य भई मानव जातिको अन्तस्करणमा चोट पुऱ्याईरहेको हुनाले र मानिसहरुले धर्म र वाक स्वतन्त्रता पाउनुका साथै भय र अभावबाट मुक्ति पाउनु पर्दछ भन्ने अवधारणा अनुसार नै सन् १९४८ डिसेम्बर १० मा मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी गरिएको थियो। नेपालको राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ अनुसार 'मानवअधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएको मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा निहित अधिकारलाई सम्झनु पर्दछ' भन्ने उल्लेख भएबाट समेत मानव अधिकार प्रत्येक व्यक्तिको नैसर्गिक, जन्मसिद्ध, अहरणीय, अउल्लंघनीय, मर्यादित, अविभाज्य, अहस्तान्तरणीय अधिकार हुनका साथै यसको सम्मान र संरक्षण गर्नु प्रत्येक राष्ट्रको प्रथम कर्तव्य तथा दायित्व भित्र पर्दछ । यसै सन्दर्भमा विश्वव्यापी मानव अधिकारका ७ सिद्धान्तहरु (१) विश्वव्यापकता र अहस्तान्तरणीय (२) अविभाज्यता (३) अन्तरनिर्भरता र अन्तरसम्बन्धित (४) समानता र अविभेद (५) सहभागिता र समावेशिता (६) जवाफदेहिता र (७) कानूनको शासन प्रतिपादित भएका छन्।जसलाई मानव हुनुको नाताले जुनसुकै देश तथा ठाउँका जोसुकै व्यक्तिले अनिवार्य पालना गर्दै लागू गर्नु पर्दछ भन्ने आम मान्यता रहेको छ। उल्लिखित सिद्धान्तहरुको अक्षरसः पालना गर्नु सबै मानवको अनिवार्य कर्तव्य तथा दायित्व हो। मानव अधिकार सम्बन्धी उल्लिखित प्रावधान अनुसार शारीरिक, मानसिक तथा भावनात्मक आदि जुनसुकै तवरले एक मानवले अर्को मानवलाई नकारात्मक चोट तथा

असर पुऱ्याउनु हुँदैन। त्यस्तो कार्य मानव अधिकारको घोर उल्लंघन मात्र नभएर नैतिक रुपमा निन्दनीय र कानूनी रुपमा दण्डनीय समेत हुन्छ।मानव अधिकारको उल्लंघनका सन्दर्भमा कुरा गर्दा शारीरिक रुपमा कुनै मानवले अर्को मानवको हत्या-हिंसा गर्नु, कुटपीट अंगभंग गर्नु, महिला तथा बालबालिकालाई बलात्कार तथा घरेलु हिंसा गर्नु, समाजमा कथित सानो जात तथा ठूलो जातका आधारमा छुवाछुत गर्नु, जातीय विभेद गर्नु, अनादर-अपमान गर्नु, गरीब तथा निमुखालाई चरम शोषण गर्नु, वालश्रम शोषण गर्नु आदि जस्ता यावत कुराहरु मानव अधिकार उल्लंघनभित्र पर्दछन् ।त्यसैले कुनै पनि मानवले कुनै अर्को मानवलाई जुनसुकै आधारमा शारीरिक तथा मानसिक रुपमा पीडा दिनु नै मानव अधिकारको उल्लंघन हुनका साथै असभ्यताको परिचायक समेत हो भन्ने तथ्य राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा स्थापित मानव अधिकार सम्बन्धी सिद्वान्तहरुतथा कानूनहरुबाटै स्पष्ट भएको छ ।

नेपालको सन्दर्भमा मानव अधिकारको विकासक्रमलाई हेर्दा निरंकुश एवं निर्दलीय तानाशाही शासन व्यवस्थाको इतिहास लामो भएकोले नेपालमा मानवअधिकारको विकास अत्यन्तै ढिलो भएको पाइन्छ।परम्परागत मान्यता अनुसार मान्छेलाई सम्मान गर्ने प्रशस्त मौलिक आदर्श भएपनि कानूनी रुपमा लिखित मापदण्डको उल्लेख राणा शासनको अन्त्यसँगै भएको पाईएको छ । आधुनिक समाजको केन्द्रविन्दु पूर्वीय मान्यता, शान्ति र समानताको आधारमा भएकाले मानवीय मूल्य र मान्यता प्रचूर मात्रामा नेपाली समाजमा पाईन्छन् । तथापि मानव अधिकारलाई सैद्धान्तिक रुपमा व्याख्या गर्ने प्रचलन भने मानवअधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ मा जारी भएपछि मात्र भएको भने अवश्य हो। यही घोषणा पत्रलाई नै संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र नेपालमा पनि मानव अधिकारको आधारभूत दस्तावेजका रुपमा लिन सकिन्छ ।मूलतः नेपालमा मानव अधिकारको विकासक्रम २००७ सालको प्रजातन्त्रको स्थापना र प्रधान न्यायालयको स्थापना भएसँगै प्रारम्भ भएको पाईन्छ । लिखित रुपमा नेपालको संवैधानिक विकासको इतिहासलाई हेर्ने हो भने वि.सं. २००४ सालबाट प्रारम्भ भएको पाइन्छ।यद्यपि यसभन्दा अघिपनि संवैधानिक मान्यता प्राप्त गर्नसक्ने केही अवधारणाहरु नभएका होइनन्। वि.स. २००४ साल भन्दा पहिले नेपालमा लिखित संविधान बन्न सकेन तर पनि वि.स. १९१० सालको मुलुकी ऐनमा व्यवस्थित अवधारणाहरुलाई आधुनिक संविधानको आधारशीला मान्नुमा अत्युक्ति नहोला।उक्त ऐनमा पनि मानवअधिकार सम्बन्धी कमै मात्रामा उल्लेख गरिएको पाइन्छ। नेपालमा मानव अधिकारको संवैधानिक विकासक्रमलाई नियाल्दा देहाय बमोजिम विकास भएको पाईन्छ।

**नेपाल सरकार वैधानिक कानून, २००४**

नेपालको संवैधानिक कानूनको विकासक्रमलाई हेर्दा, नेपाल सरकार वैधानिक कानून, २००४ पहिलो दस्तावेज हो। जसमा मानव अधिकारको बारेमा थोरै मात्रामा भएपनि नागरिकका मौलिक हक अधिकारहरुको व्यवस्था गरिएको छ।तत्कालीन राणा प्रधानमन्त्री पद्म शमशेरले आफ्नो शासन सत्ता टिकाई राख्नको लागि वि.सं. २००४ साल माघ १३ गते नेपाल सरकार वैधानिक कानून, २००४ को नामले घोषणा गरेतापनि यो संविधान २००५साल बैसाख १ गतेदेखि लागू हुने भनिएकोमा व्यवहारिक रुपमा लागू हुन सकेन। राणा संविधानको नामलेसमेत प्रख्यात भएको उक्त संविधानमा राष्ट्रिय सभा र भारदारी सभा गरी दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरिएको थियो।उक्त वैधानिक कानूनले मानव अधिकार सम्बन्धमा पर्याप्त व्यवस्था गर्न नसकेको भएतापनि मानव अधिकारसँग सम्वन्धित वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, कानूनको दृष्टिमा समानता, निःशुल्क प्राथमिक शिक्षा, वाल-बालिकाको अधिकार, व्यक्तिगत सम्पत्तिको सुरक्षा आदि जस्ता मानव अधिकारसँग सम्वन्धित अधिकारहरुको

व्यवस्था गरिएको पाइन्छ।यसरी संविधानले नागरिकका लागि विभिन्न मौलिक हकहरुको उल्लेख गरेको भएतापनि यी हक अधिकार उपभोग गर्न पाउने प्रावधान भने केही उल्लेख गरिएको थिएन। अर्थात् मौलिक हकको हनन भएमा संवैधानिक उपचारको व्यवस्था थिएन।न्यायिक पुनरावलोकनको व्यवस्था पनि थिएन। यति हुँदाहुँदै पनि नेपालको इतिहासमा पहिलो लिखित संविधान भएको नाताले यसको महत्वपूर्ण स्थान रहेको छ।

**अन्तरिम शासन विधान, २००७**

नेपालमा वि.सं १९०३ मा सुरु भएको एकतन्त्रीय निरंकुश राणा शासन १०४ वर्षसम्म रह्यो। पूर्ण रुपमा अत्याचार र भ्रष्टाचारमा लिप्त उक्त शासन राजा र प्रजाको संयुक्त प्रयासवाट समाप्त भयो। तत्कालीन राजा श्री ५ त्रिभुवनवाट २००७ साल फाल्गुण ७ गतेका दिन "अव उप्रान्त देशको शासन प्रजातान्त्रिक पद्धतिअनुसार सञ्चालन गर्ने" (अन्तरिम शासन विधान २००७ को प्रस्तावना) भनी घोषणा गरिएको थियो। यो संविधानले वैधानिक कानून २००४ लाई खारेज गरेको थियो। यो संविधान २००७ चैत्र ९ गतेदेखि लागू भएको थियो। यसको मुख्य कार्य भनेको विधान परिषदको गठन गरी अर्को संविधान निर्माण गर्नु थियो। यस संविधानको भाग २ को धारा २ देखि २० सम्म राज्यका निर्देशक सिद्धान्त र नीतिहरु एवं विभिन्न मौलिक हकहरुको व्यवस्था गरेको पाइन्छ। यस संविधानले प्रत्याभूत गरेका उक्त मौलिक हकहरुलाई नागरिकलाई प्रदान गरिएका मानव अधिकारहरुको रुपमा लिन सकिन्छ। यो संविधानले प्रत्याभूत गरेका मौलिक हकहरु- वाक तथा प्रकाशन स्वतन्त्रता, शान्तिपूर्वक विना हातहतियार सम्मेलन गर्ने र सभा गर्ने, संघ सस्था खोल्ने स्वतन्त्रता, नेपाल राज्यभर जुनसुकै ठाउँमा बसोबास गर्ने स्वतन्त्रता, सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, वेचविखन गर्न पाउने, कुनै पेशा रोजगार उद्योग वा व्यापार व्यवसाय गर्ने, घरजम गरी बस्न पाउने स्वतन्त्रता आदि रहेका थिए। उक्त संविधानले उपर्युक्तानुसारको मौलिक हकको व्यवस्था गरेको भएतापनि संविधान नै लामो समय नरहेका कारण जनताले उक्त अधिकारको उपभोग खासै गर्न पाएको देखिंदैन।

**नेपाल अधिराज्यको संविधान, २०१५**

नेपाल अधिराज्यको संविधान, २०१५ नेपालको इतिहासमा एक महत्वपूर्ण दस्तावेजको रुपमा रहेको देखिन्छ। यो संविधान अन्तरिम शासन विधान, २००७ मा उल्लेख भए अनुसार संवैधानिक परिषद्ले निर्माण गरेको नभई तत्कालिन राजा श्री ५ महेन्द्रवाट स्वविवेकले घोषणा भई जारी भएको थियो। यो संविधानले अन्तरिम शासन विधान २००७ लाई खारेजसमेत गरेको थियो।यो संविधान केही हदसम्म प्रजातान्त्रिक संविधान हुनकालागि आवश्यक पर्ने जनताका मौलिक हकहरुको व्यवस्था गरिएको थियो। ती मौलिक हकहरुको उल्लंघन भएको खण्डमा सो हक प्रचलन गराउनका लागि संवैधानिक उपचारको हकको व्यवस्था पहिलो पटक यसै संविधानमा गरिएको थियो। यसै संविधानमा पहिलोपटक बालिग मताधिकारको आधारमा जनप्रतिनिधिको निर्वाचन हुने व्यवस्था गरेको थियो। यस संविधानको भाग ३ मा व्यवस्था गरिएका मौलिक हकहरुमा- स्वतन्त्रताको हक, समानताको हक, धर्म सम्बन्धी हक, सम्पत्तिको हक, पेशा व्यवसाय गर्न पाउने हक आदि हकको व्यवस्था गरिएको थियो।यी माथि उल्लिखितहक हरुको हनन भएको अवस्थामा हक प्रचलन गराउनको लागि संवैधानिक उपचारको हकको व्यवस्था गरिएको थियो।संविधानअनुसार निर्वाचित सरकार भएतापनि दुई वर्षमै असफल भई बहुदलीय व्यवस्थामा प्रतिबन्ध लगाई निर्दलीय व्यवस्थाको सुरवात गरिएको थियो।

**नेपालको संविधान, २०१९**

वहुदलीय व्यवस्था र संवैधानिक राजतन्त्रात्मक व्यवस्थाको अन्त्य गरी तत्कालीन राजा महेन्द्रले एक दलीय व्यवस्थाको सूत्रपात गर्ने सन्दर्भमा २०१९ साल पौष १ गतेका दिन नेपालको संविधान, २०१९ जारी गरे। यो संविधानले राजालाई सम्पूर्ण शक्तिको केन्द्र मानेको थियो। उक्त संविधानलाई प्रजातान्त्रिक बनाउने नाममा ३ पटकसम्म संशोधन गरिएको थियो। तर उक्त संविधान झन्-झन् निरंकुश र अप्रजातान्त्रिक बन्दै गयो। यस संविधानमा समानताको हक, स्वतन्त्रताको हक, धर्म सम्बन्धी हक, सम्पत्ति सम्बन्धी हक, सवैधानिक उपचारको हक आदि मौलिक हकहरुको प्रत्याभूत गरिएको पाइन्छ। यी माथिका विभिन्न मौलिक हकको व्यवस्था गरिएतापनि धारा १७ मा "सार्वजनिक हितका लागि मौलिक हकमा वन्देज" भन्ने प्रतिवन्धात्मक वाक्यांशले सबै हक अधिकारको उल्लंघन हुनेगरी ऐन कानूनहरु जारी गरी उक्त संविधानले प्रदान गरेका सम्पूर्ण अधिकारहरुलाई निष्कृय बनाइएको थियो।

**नेपाल अधिराज्यको संविधान, २०४७**

नेपालको संवैधानिक इतिहासलाई हेर्दा, विगतका सम्पूर्ण संविधानहरुको तुलनामा नेपाल अधिराज्यको संविधान, २०४७ लाई सबैभन्दा प्रजातान्त्रिक मानिन्छ। २०४६ सालको ऐतिहासिक जनआन्दोलनको भावना अनुकूल उक्त संविधान निर्माण भएको थियो। यस संविधानको प्रस्तावानमा "प्रत्येक नेपाली नागरिकको आधारभूत मानव अधिकारको सुरक्षा गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताबीच भातृत्व र एकता कायम गरी बालिग मताधिकार र संसदीय शासन प्रणालीलाई सुदृढ गरिने " भन्ने महत्वपूर्ण प्रावधानहरु यो संविधानमा उल्लेख गरिएवाट नै स्पष्ट हुन्छ कि उक्त संविधानले मानव अधिकारलाई महत्वपूर्ण स्थान दिएको थियो। यस संविधानको प्रस्तावनामा नै मानव अधिकारको संरक्षणको सन्दर्भमा लेखिएको थियो।यस संविधानले नागरिकका लागि प्रत्याभूत गरिएका मौलिक हकहरुलाई मानव अधिकारको विश्वव्यापी घोषणापत्रसँग तुलना गरी हेर्न सकिन्छ।उक्त संविधानमा समानताको हक, स्वतन्त्रताको हक, छापाखाना र पत्रपत्रिका सम्बन्धी हक, फौजदारी न्याय सम्बन्धी हक, निवारक नजरवन्द विरुद्धको हक, सूचना को हक, सम्पत्ति सम्बन्धी हक, शिक्षा तथा संस्कृति सम्बन्धी हक, धर्म सम्बन्धी हक, शोषण विरुद्धको हक, देश निकाला विरुद्धको हक, गोपनीयताको हक, संवैधानिक उपचारको हक आदि मौलिक हकहरुको व्यवस्था गरिएको पाइन्छ।विगतका अन्य संविधानको तुलनामा नेपाल अधिराज्यको संविधान, २०४७ लाई मानव अधिकारको संरक्षणको सन्दर्भमा महत्वपूर्ण कोशे ढुङ्गो मान्न सकिन्छ। यसको व्यवहारिक प्रयोगलाई भने प्रभावकारी बनाउन सकिएन।

**नेपालको अन्तरिम संविधान, २०६३**

नेपाली जनताले २०६२/०६३ मा गरेको शान्तिपूर्ण जनक्रान्ति/ जनआन्दोलनको परिणाम स्वरुप भएको राजनीतिक परिवर्तन पश्चात् राजनीतिक दलहरुको सहमतिमा तयार गरी संविधान सभाद्वारा अर्को नयाँ संविधान निर्माण नभइन्जेलसम्म देशको शासन व्यवस्था सञ्चालन गर्नका लागि यो संविधान निर्माण गरिएको हो। यसलाई राजनीतिक सहमतिको दस्तावेजको रुपमा समेत लिने गरिन्छ ।नेपालको संवैधानिक विकासमा नेपालको अन्तरिम संविधान, २०६३ छैटौं संविधान हो।यो संविधान २०६३/१०/१ गतेका दिन देखि लागू भएको हो। यस संविधानमा मानव अधिकारको संरक्षणको सन्दर्भमा भाग ३ को धारा १२ देखि ३२ सम्म स्वतन्त्राको हक, समानताको हक, छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक, प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी हक, वातावरण तथा

स्वास्थ्य सम्बन्धी हक, शिक्षा तथा संस्कृति सम्बन्धी हक, रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक, सम्पत्तिको हक, महिलाको हक, सामाजिक न्यायको हक, बालबालिकाको हक, धर्म सम्बन्धी हक, न्याय सम्बन्धी हक, निवारक नजरबन्द विरुद्धको हक, यातना विरुद्धको हक, सूचनाको हक, गोपनीयताको हक, शोषण विरुद्धको हक, श्रम सम्बन्धी हक, देश निकाला विरुद्धको हक र संवैधानिक उपचारको हक समेत २१ वटा मौलिक हकहरुको व्यवस्था गरिएको छ। यसैगरी भाग ४ मा राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरुको व्यवस्था गरिएको थियो। भाग ४ को धारा ३३(ग) अनुसार विश्वव्यापी रुपमा स्वीकृत मानव अधिकार, वहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक शासन प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, कानूनको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनैतिक दलहरुका क्रियाकलापहरुमा पारदर्शिता र जवाफदेहिता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासन तन्त्रका अवधारणाहरुको पूर्ण रुपमा परिपालना गर्ने राजनैतिक प्रणाली अवलम्बन गरी भ्रष्टाचार र दण्डहीनताको अन्त्य गर्दै सुशासन कायम गर्ने कुरालाई राज्यको दायित्वमा राखिएको थियो। यसै धाराको खण्ड(घ) मा वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी, जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्प संख्यक समुदाय, पिछडिएका क्षेत्र लगायतका समस्याहरुलाई सम्वोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनसंरचना गर्ने लगायतको व्यवस्था गरिएको थियो। यसै संविधानको धारा १०७ मा सर्वोच्च अदालतले असाधारण अधिकारक्षेत्र प्रयोग गर्न सक्ने व्यवस्था थियो। संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्नसक्ने संवैधानिक व्यवस्था रहेको थियो। मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चितता गर्नको लागि यस संविधानको भाग १५ धारा १३१ मा राष्ट्रिय मानव अधिकार आयोगको व्यवस्था गरिएको थियो। त्यसैगरी धारा १३२ मा यस आयोगको काम कर्तव्य र अधिकारका सम्वन्धमा व्यवस्था गरिएको थियो भने धारा १३३ मा राष्ट्रिय मानव अधिकार आयोगले आफूले गरेका कार्यको वार्षिक प्रतिवेदन व्यवस्थापिका संसदसमक्ष पेश गनुपर्ने व्यवस्था समेत गरेको थियो।

**नेपालको संविधान, २०७२**

नेपालको राजनीतिक विकासक्रमलाई हेर्दा कहिले सशस्त्र त कहिले शान्तिपूर्ण जनक्रान्ति तथा जनआन्दोलन हुँदै नेपालमा विभिन्न प्रकारका राजनीतिक परिवर्तनहरु हुँदै आएको इतिहास छ । यसैक्रममा ने.क.पा.(माओवादी)ले संचालन गरेको १० बर्षे सशस्त्र युद्व र संसदवादी दलहरुले २०६२/६३ मा संचालन गरेको ऐतिहासिक शान्तिपूर्ण जनआन्दोलनको परिणाम स्वरुप निरंकुश राजतन्त्रको अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको हो । यसै पृष्ठभूमिमा संविधानसभाको निर्वाचन मार्फत गठित जनप्रतिनिधिहरुको सभा संविधानसभाबाट मिति २०७२ साल असोज ३ गतेका दिन नेपालको संविधान २०७२ जारी भएको हो ।यो संविधानले केही असन्तुष्टिका बाबजुद पनि धेरै जनआकांक्षाहरुलाई समेट्ने प्रयास गरेको देखिन्छ ।मूलतः यस संविधानमा अन्तरनीहित मानव अधिकारको विषयलाई हेर्दा विगतका संविधानहरुमा उल्लिखित मानव अधिकार सम्बन्धी संवैधानिक प्रावधानभन्दा केही बढी र महत्वपूर्ण व्यवस्था गरेको पाइन्छ। यो संविधानको भाग ३ मा राखिएको ३१ वटा मौलिकहरु मध्ये अधिकांश मौलिक हकहरु मानव अधिकारसँग सम्बन्धित रहेका छन्। जस अनुसार धारा १६ देखि धारा ४६ सम्म क्रमशः

सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, सञ्चारको हक, न्याय सम्बन्धी हक, अपराध पीडितको हक, यातना विरुद्वको हक, निवारक नजरबन्द विरुद्वको हक, छुवाछुत तथा जातीय विभेद विरुद्वको हक, सम्पतिको हक, धार्मिक स्वतन्त्रताको हक, सूचनाको हक, गोपनीयताको हक, शोषण विरुद्वको हक, स्वच्छ वातावरणको हक, शिक्षा सम्बन्धी हक, भाषा तथा संस्कृतिको हक, रोजगारीको हक, श्रमको हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक, आवासको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, उपभोक्ताको हक, देशनिकाला विरुद्वको हक र संवैधानिक उपचारको हक भनी उल्लेख गरिएको छ। यसका साथै मानव अधिकारको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनका लागि यो संविधानको भाग २५ धारा २४८ र धारा २४९ मा काम कर्तव्य र अधिकार समेत संविधानमै उल्लेख गरी एक स्वतन्त्र एवं अधिकार सम्पन्न संवैधानिक आयोगको रुपमा राष्ट्रिय मानव अधिकार आयोग रहने व्यवस्था समेत गरिएको छ ।यसरी हेर्दा, विगतका सम्पूर्ण संविधानहरुको तुलनामा नेपालको संविधान, २०७२ मा मानव अधिकारसँग सम्बन्धित नागरिकका मौलिक हक तथा अन्य अधिकारहरु विस्तृत रुपमा समावेश गरिएको पाइन्छ।

निश्कर्षः-कुनैपनि मुलुकको संविधानले मात्र मानव अधिकारको प्रत्याभूति गर्दैमा पूर्ण रुपमा मानव अधिकारको संरक्षण हुन्छ नै भन्न सकिंदैन।यसको उपयोगको लागि सम्वन्धित पक्षको सक्रियता पनि जरुरी हुन्छ। कानूनमा भएका व्यवस्थाहरुलाई प्रभावकारी कार्यान्वयनको लागि त्यस देशको सरकारको भूमिका अत्यन्त महत्वपूर्ण रहेको हुन्छ। मानव अधिकारको संरक्षण सम्बर्द्धनका लागि कानूनी पक्षको साथसाथै व्यवहारिक पक्ष पनि प्रभावकारी हुनु आवश्यक हुन्छ। हाम्रो देशको सन्दर्भमा भन्ने हो भने केही कमीकमजोरी भएपनि कानूनी पक्षप्रायः राम्रो छ तर व्यवहारिक पक्ष प्रभावकारी नहुँदा मानव अधिकार उल्लंघनका घटना भने दिन प्रतिदिन बढ्दो रुपमा देखा परिहेको छ।देशमा राजनीतिक दलहरुको खिचातानी, राजनीतिक अस्थिरता, अन्धविश्वास, कुरीति, छुवाछुत तथा जातीय भेदभाव, भ्रष्टाचार, नैतिकहीनता, अराजकता, दण्डहीनता, असमानता, गरीबी, शोषण दमन, अत्याचार, सामन्ती संस्कार, विद्रोह, युद्व, क्रान्ति, आन्दोलन जस्ता गतिविधि तथा क्रियाकलापले गर्दा सर्वसाधारण, गरीव तथा निमुखा व्यक्तिहरु गम्भीर रुपमा मानव अधिकार उल्लंघनको चपेटामा परिरहेका छन्।यस्तो मानव अधिकार उल्लंघन सम्बन्धी कहाली लाग्दो अवस्थाबाट मुक्ति पाउन/दिलाउन मुख्यतयः सरकार, संसद, न्यायालय, सुरक्षा निकाय, मानव अधिकारकर्मी, नागरिक समाज, सचेत नागरिक लगायत सरोकारवाला सवैले मन, वचन र कर्मले अविलम्ब नेतृत्व तथा पहलकदमी लिंदै थप कानूनहरुको निर्माण तथा प्रभावकारी कार्यान्वयनतर्फ अघि बढ्नु नितान्त जरुरी भइसकेको छ ।

# उच्च अदालत विराटनगर धनकुटा इजलास

## यस इजलास र मातहत जिल्ला अदालतहरुमा कार्यरत माननीय न्यायाधीशज्यूहरु, रजिष्ट्रारज्यू, स्रेस्तेदारज्यूहरु, तहसिलदार ,वैतनिक वकिल तथा सूचना अधिकारीज्यूहरुको विवरणः

| (क) उच्च अदालत विराटनगर धनकुटा इजलास | | | |
|---|---|---|---|
| क.सं. | पद | नाम/थर | सम्पर्क नं. |
| १ | मुख्य भई काम गर्ने माननीय न्यायाधीश | श्री गणेशप्रसाद बराल | ०२६-५२२१७३ (च्याम्बर)<br>०२६-५२२५७१ (आवास) |
| २ | माननीय न्यायाधीश | श्री देशबहादुर सार्की | ०२६-५२२४७३ (आवास) |
| ३ | माननीय न्यायाधीश | श्री पूर्णेश्वरप्रसाद उपाध्याय | ०२६-५२२१६१ (आवास) |
| ४ | रजिष्ट्रार | श्री राजकुमार दाहाल | ०२६-५२३४८४,<br>९८५२०६१३७७ |
| ५ | इजलास अधिकृत/सूचना अधिकारी | श्री ललित कुमार वि.के. | ९८५२०६१८६६ |
| ६ | वैतनिक वकिल | श्री ठाकुरप्रसाद बराल | ९८४२१५६७७७ |
| (ख) तेह्रथुम जिल्ला अदालत, म्याङ्लुङ् | | | |
| १ | माननीय जिल्ला न्यायाधीश | श्री भीमबहादुर निरौला | ०२६-४६०७३८ |
| २ | स्रेस्तेदार | श्री ऋतु राई | ०२६-४६०१९५,९८५२०६०५३८ |
| ३ | तहसिलदार | श्री शिव बुढाथोकी | ९८५१३०२०७७ |
| ४ | वैतनिक वकिल | श्री नारायण प्रसाद लुईंटेल | ९८४२५९८६७६ |
| (ग) धनकुटा जिल्ला अदालत, धनकुटा | | | |
| १ | माननीय जिल्ला न्यायाधीश | श्री नारायणप्रसाद पराजुली | ०२६-५२२४८७ |
| २ | स्रेस्तेदार | श्री उज्वल न्यौपाने | ०२६-५२२१२८,९८४२०४५८८६ |
| ३ | तहसिलदार/सूचना अधिकारी | श्री यामकुमार खड्का | ९८५१३०२६७७ |
| ४ | वैतनिक वकिल | श्री रामबहादुर अधिकारी | ९८४२११७८६६ |
| (घ) | भोजपुर जिल्ला अदालत, भोजपुर | | |
| १ | माननीय जिल्ला न्यायाधीश | श्री तिर्थराज के.सी. | ०२९-४२०७११ |
| २ | स्रेस्तेदार | श्री मोहन घिमिरे | ०२९-४२०१९५,९८४२०७२५१२ |
| ३ | तहसिलदार | श्री प्रकाश राई | ९८४१७०१५५४ |
| ४ | वैतनिक वकिल | श्री भिषण श्रेष्ठ | ९८५२०७२६६६ |
| (ङ) संखुवासभा जिल्ला अदालत, चैनपुर | | | |
| १ | माननीय जिल्ला न्यायाधीश | श्री ध्रुवराज त्रिपाठी | ०२९-५७०१९६ |
| २ | स्रेस्तेदार | श्री भरतमणी पोखरेल | ०२९-५७०१९५,९८५२०५१३६६ |
| ३ | तहसिलदार | श्री नविन कोइराला | ९८५१३०१२७७ |
| ४ | वैतनिक वकिल | श्री राधिका शर्मा | ९८४२१०३८७६ |